**कोशी प्रदेश सरकार**

खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय

# जलश्रोत तथा सिंचाई विकास डिभिजन

भोजपुर, नेपाल

## स्वतः प्रकाशन *(Proactive Disclosure)*

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

***सूचना सार्वजनिक गरेको अवधि :- २०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म***

फोन नं. ०२९-४२०१०९, ९८५२०५२३०९, ईमेलः- bhojpur.irrigation@gmail.com

# विषय सूची


परिचयः- 1

**१. डिभिजनको उद्देश्यः-** 1

**२. डिभिजनको काम, कर्तव्य र अधिकारः-** 1

**३. कर्मचारीको संख्या र कार्य विवरणहरूः-** 2

**४. कार्यालयबाट प्रदान गरिने सेवाहरूः-** 3

**५. शाखा र जिम्मेवार अधिकारीः-** 3

क) प्राविधिक शाखाः 3

ख) प्रशासन शाखा 4

ग) संस्थागत विकास शाखा 4

घ) आर्थिक प्रशासन शाखा 4

**६. सेवा वापत लाग्ने दस्तुर र अवधि** 5

**७. निर्णय गर्ने प्रकृया र अधिकारीः** 6

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः** 6

**९. आ.व. २०८२/८३ मा सम्पादन भएको कामको विवरणः** 6

क) प्रदेश जलश्रोत तथा सिंचाई विकास व्यवस्थापन र प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण योजनाहरूको विवरण 6

ख) बहुवर्षिय योजनाहरूको विवरण 6

ग) सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP)कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरूको विवरण 7

घ) संयुक्त संघ र प्रदेश तर्फको  पुंजिगत र चालु  तर्फको प्रगति 8

**१०. सूचना अधिकारी र कार्यालय प्रमुख** 9

**११. नीति, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूचीः** 9

**१२. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः-** 9

**१३. अन्य विविरणः-** 9

**परिचयः-**

नेपालको समग्र आर्थिक विकास गर्न कृषि पेशाको मेरूदण्डको रूपमा रहेको सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले जलश्रोत तथा सिंचाई विकास डिभिजन, भोजपुरको स्थापना जिल्ला सिंचाई कार्यालय, भोजपुरको नामबाट मिति २०४४ सालमा भएको थियो। यस डिभिजनको कामकारबाही मिति २०४८ साल देखि २०७१ सम्म पूर्वाञ्चल सिंचाई विकास सव-डिभिजन नं. २, भोजपुरको नामबाट संचालन भएको थियो। तत् पश्चात मिति २०७२ साल साउन देखि २०७५/०७/१८ सम्म सिंचाई विकास डिभिजन, भोजपुरको नामबाट संचालनमा रहेकोमा मिति २०७५/०७/१९ गते बाट यस डिभिजनको नाम कोशी प्रदेश सरकारको मातहतमा रहने गरी जलश्रोत तथा सिंचाई विकास डिभिजन, भोजपुर कायम भएको हो। यस डिभिजन ६ रोपनी क्षेत्रफलमा १ तले पक्की भवनबाट दैनिक कार्य संचालन गर्दै आएको छ।

भोजपुर जिल्लामा रहेको खेती सम्बन्धी विवरण (आ.व. २०८१/८२ सम्मको विवरण)

| क्र.सं. | विवरण | क्षेत्रफल |
|---|---|---|
| १. | कुल क्षेत्रफल | १,५०,७०० हे. |
| २. | खेतीयोग्य क्षेत्रफल | ६२२९९ हे. |
| ३. | कुल क्षेत्रफलमा खेतियोग्य जग्गाको प्रतिशत | ४१.२५ प्रतिशत |
| ४. | खेति गरिएको जग्गाको क्षेत्रफल | ५६,९३६ हे. |
| ५. | खेतियोग्य जग्गामा खेति गरिएको जग्गा प्रतिशत | ९१.३९ प्रतिशत |
| ६. | यस कार्यालयबाट संचालित योजनाबाट सिंचाई सुविधा पुगेको क्षेत्रफल | ४३५६ हे. |

## १. डिभिजनको उद्देश्यः-

खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश विराटनगरको अन्तर्गतमा रही भोजपुर जिल्लाको कृषियोग्य जमिनमा सिंचाईको व्यवस्था गरी कृषि उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउने र जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यबाट जिल्लाभित्र मानवबस्ती तथा कृषियोग्य जमिन लगायत अन्य भौतिक सम्पत्तिको बचाउ गर्न सहयोग पुऱ्याउने उद्देश्यले जलश्रोत तथा सिंचाई विकास डिभिजन, भोजपुरको स्थापना भएको हो।

## २. डिभिजनको काम, कर्तव्य र अधिकारः-

क) नयाँ सिंचाई योजनाहरूको निर्माण गर्ने एवम् निर्माण सम्पन्न भएका सिंचाई प्रणालीहरूको मर्मत संभार एवम् व्यवस्थापन गरी सिंचाईको लागि पानी उपलब्ध गराउने।

ख) कृषकहरूलाई सिंचाई सम्बन्धी प्राविधिक परामर्श सेवा तथा तालिम उपलब्ध गराउने।

ग) भूक्षय, पहिरो, बाढीको प्रकोप न्यूनीकरण तथा नदि नियन्त्रणसँग सम्बन्धी कार्य स्वीकृत कार्यक्रम अनुसार गराउने।

घ) नयाँ प्रविधिमा आधारित सिंचाई (स्प्रिङ्कल, ड्रिप, सोलार लिफ्ट तथा सिंचाई पोखरी निर्माण) योजनाहरूको निर्माण गर्ने।

ङ) आपतकालीन बाढीपहिरोबाट क्षति पुऱ्याएको सिंचाई योजना र नदि तथा पहिरो नियन्त्रणको लागि एच.डि.पि.इ पाइप तथा तारजाली उपलब्ध गराउने।

च) उपभोक्ता समितिको माग बमोजिम आवश्यकताको आधारमा क्षतिग्रस्त सिंचाई योजनाको मर्मत सम्भार गर्ने।

छ) विस्तृत सिंचाई सर्भेक्षण, डिजाइन रिपोर्ट (डि.पि.आर.) को योजनाको कार्यक्रम अनुसार गराउने।

## ३. कर्मचारीको संख्या र कार्य विवरणहरू:-

यस डिभिजनको दैनिक काम कारबाहीको सुचारू रूपले संचालन गर्न कोशी प्रदेश सरकारले यस डिभिजनमा १२ जना कर्मचारी रहने गरी दरबन्दी स्वीकृत गरेको छ। हाल यस डिभिजनमा ९ जना कर्मचारीको पदपूर्ति भएको छ।

कोशी प्रदेश सरकारद्वारा यस डिभिजनको स्वीकृत दरबन्दी विवरण:-

क) जम्मा स्वीकृत दरबन्दी- १२

ख) स्थायी कर्मचारीको दरबन्दी- ९

ग) सेवा करारमा रहने कर्मचारीको दरबन्दी- ३

यस डिभिजनको स्वीकृत दरबन्दी तथा हाल कार्यरत कर्मचारीको विवरण:-

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डिभिजन प्रमुख | ९/१० | प्रदेश ईन्जिनियरिङ्ग | सिभिल | इरिगेसन | १ | रिक्त |
| २. | ईन्जिनियर | ७/८ | प्रदेश ईन्जिनियरिङ्ग | सिभिल | इरिगेसन | २ | १ जना रिक्त |
| ३. | सब-ईन्जिनियर | ५/६ | प्रदेश ईन्जिनियरिङ्ग | सिभिल | इरिगेसन | ३ | |
| ४. | ना.सु. | ५/६ | प्रदेश प्रशासन | सामान्य प्रशासन | - | १ | |
| ५. | लेखापाल | ५/६ | प्रदेश प्रशासन | लेखा | - | १ | |
| ६. | ए.ओ. | ४/५ | प्रदेश | एग्री | - | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ईन्जिनियरिङ्ग | इरिगेसन | | | |
| ७. | स.क.अ. | चौथो | प्रदेश प्रशासन | - | - | १ | ज्यालादारी |
| ८. | ह.स.चा. | आधारभुत | प्रदेश ईन्जिनियरिङ्ग | मेकानिकल | - | १ | ज्यालादारी |
| ९. | का.स. | आधारभुत | प्रदेश प्रशासन | - | - | २ | करार |
| | जम्मा | | | | | १२ जना | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवाहरूः-

क) नयाँ तथा पुनःस्थापना मझौला सिंचाई योजनाहरूको निर्माण कार्य गर्ने।

ख) कृषकहरूलाई सिंचाई सम्बन्धी प्राविधिक परामर्श सेवा तथा तालिम उपलब्ध गराउने।

ग) भूक्षय, पहिरो, बाढीको प्रकोप न्यूनीकरण तथा नदि नियन्त्रणसँग सम्बन्धी कार्य स्वीकृत कार्यक्रम अनुसार गराउने।

घ) नयाँ प्रविधिमा आधारित सिंचाई (स्प्रिङ्कल, ड्रिप, सोलार लिफ्ट तथा सिंचाई पोखरी निर्माण) योजनाहरूको निर्माण गर्ने।

ङ) आपतकालीन बाढी पहिरोबाट क्षति पुऱ्याएको सिंचाई योजना र नदि तथा पहिरो नियन्त्रणको लागि एच.डि.पि.इ पाइप तथा तारजाली उपलब्ध गराउने।

च) उपभोक्ता समितिको माग बमोजिम आवश्यकताको आधारमा क्षतिग्रस्त सिंचाई योजनाको मर्मत सम्भार गर्ने।

छ) बजेट तथा कार्यक्रममा समाबेश भएका नयाँ सिंचाई योजनाहरूको विस्तृत सिंचाई सर्भेक्षण डिजाइन रिपोर्ट (डि.पि.आर.) तयार गर्ने आदि।

## ५. शाखा र जिम्मेवार अधिकारीः-

### क) प्राविधिक शाखाः

- वार्षिक कार्यक्रम तयार गर्ने,
- स्वीकृत कार्यक्रम संचालन गर्ने,
- योजनाको डिजाइन, विस्तृत अध्ययन तथा नक्सा तयार गर्ने, ल.ई तयार गर्ने, कार्यसम्पन्न तयार गर्ने,
- संचालित योजनाहरूको स्वीकृत नम्स, डिजाइन र गुणस्तर बमोजिम भए नभएको सम्बन्धमा समय समयमा अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा प्रतिवेदन पेश गर्ने,

- बिल बमोजिम रकम भुक्तानीको लागि आवश्यक कागजात तयार गरी डिभिजन प्रमुख समक्ष पेश गर्ने,
- योजनाको मासिक, चौमासिक र वार्षिक तथ्याङ्क दरुस्त राख्ने र मन्त्रालय पठाउने।

  जिम्मेवार अधिकारी

  १. चन्दन कुमार मण्डल (सब-ईन्जिनियर)

  २. भुपेन्द्र बस्नेत (सब-ईन्जिनियर)

  ३. नागेन्द्र प्रसाद शाह (सब-ईन्जिनियर)

## ख) प्रशासन शाखा

- कर्मचारीको अभिलेख मासिक, चौमासिक र वार्षिक रूपमा तयार गर्ने,
- लोकसेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको पदस्थापन गर्ने,
- नयाँ कर्मचारीहरूको सिटरोल भराउने, का.स.मू फाराम भराउने, सम्पत्ति विवरण भराउने,
- जिन्सी व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने,
- अन्य प्रशासनिक कार्य गर्ने।

  जिम्मेवार अधिकारी

  शुसिल कार्की (सहायकस्तर पाँचौं)

## ग) संस्थागत विकास शाखा

- विभिन्न जल उपभोक्ता संस्था दर्ता गर्ने तथा वार्षिक रूपमा दर्ता भएका संस्थाहरूको नवीकरण गर्ने,
- योजना निरीक्षण तथा मूल्याङ्कनमा प्राविधिक शाखालाई सहयोग गर्ने,
- विभिन्न किसिमका तालिमहरू संचालन गर्ने जस्तैः जल उपभोक्ता समितिका सदस्यलाई योजना सम्बन्धी प्रशासनिक कार्य, योजनाको गुणस्तर, योजना संचालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक ज्ञान प्रदान गर्ने साथै योजनाको मर्मत सम्भार सम्बन्धी आवश्यक तालिम प्रदान,
- कार्यालय प्रमुखले तोके बमोजिम अन्य कार्य गर्ने।

  जिम्मेवार अधिकारी

  १. मदन बास्कोटा (एसोसियसन अर्गनाइजर)

## घ) आर्थिक प्रशासन शाखा

- प्राप्त बिल भरपाई चेक जाँच गरी ठिक भएमा भुक्तानीको लागि डिभिजन प्रमुख समक्ष पेश गर्ने,

- आ.ले.प तथा म.ले.प. गराउने तथा आ.ले.प. तथा म.ले.प. बाट देखिएको बेरूजु फछ्र्यौटको लागि कागजात पेश गर्ने,
- कार्यालयको लेखा प्रणाली दुरूस्त राख्ने,
- बिभिन्न योजनाहरूको कार्यसम्पन्न भएको बिलको भुक्तानी गर्ने,
- कार्यालयको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक विवरण गयार गरी मन्त्रालयमा पठाउने,
- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

  जिम्मेवार अधिकारी

  १. सिता बास्तोला (लेखापाल)

## ६. सेवा वापत लाग्ने दस्तुर र अवधि

क) उपभोक्ता संस्था नयाँ दर्ता गर्दा रु एक सय मात्र र नवीकरण गर्दा प्रत्येक आ.व. को असोज मसान्त सम्म निःशुल्क तथा असोज मसान्त देखि पुस मसान्तसम्म बिलम्ब शुल्क रु एक हजार मात्र लाग्नेछ।

ख) योजना माग गर्दा तपसिल बमोजिम धरौटी जम्मा गरेको प्रमाण भौचर संलग्न गर्नु पर्नेछ।

- मझौला सिंचाई योजनाको लागि प्रति हेक्टर रु ५० मात्र।
- नयाँ प्रविधिमा आधारित सिंचाई योजनाको लागि प्रति हेक्टर रु १०० मात्र।
- CMIASP (ADB) योजनाको लागि प्रति हेक्टर रु १०० मात्र।
- बहुवर्षिय योजना स्वीकृत पश्चात लागत अनुमानको ०.५ प्रतिशत धरौटी डिभिजनको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।
- अन्य कामको लागि नियमानुसार तोकिए बमोजिमको शुल्क एवम् दस्तुर लाग्नेछ।

ग) सेवा प्राप्त गर्न लाग्ने समय

- उपभोक्ता संस्थाको नयाँ दर्ता गर्नको लागि आवश्यक काजजात संलग्न गरी आएमा ७ दिनभित्र दर्ता गरिनेछ साथै नवीकरणको आवश्यक कागजात संलग्न भई आएमा २ दिन भित्र नवीकरण गरिनेछ।
- आपतकालीनको लागि साधनस्रोतले भ्याएसम्म यथाशिघ्र र अन्यको हकमा स्वीकृत वार्षिक कार्यतालिका अनुसार समयावधि लाग्नेछ।
- कार्यालयबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधाको प्रभावकारिता अभिवृद्धि गरी आम नागरिकहरूको हुन सक्ने काम नियमानुसार सोही दिन नै गरिनेछ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारीः

आवश्यकता अनुसार प्राविधिक शाखा, प्रशासन शाखा, संस्थागत विकास शाखा, आर्थिक प्रशासन शाखा हुँदै डिभिजन प्रमुखबाट।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालय प्रमुख बाहेक अन्य कर्मचारीहरूको हकमा भए कार्यालय प्रमुख र कार्यालय प्रमुखको सम्बन्धित मन्त्रालय।

## ९. आ.व. २०८२/८३ मा सम्पादन भएको कामको विवरणः

क) प्रदेश जलश्रोत तथा सिंचाई विकास व्यवस्थापन र प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण योजनाहरूको विवरण

| क.सं. | कार्यक्रमको नाम (ब.उ.शि.नं.) | योजना संख्या | कुल विनियोजित बजेट (रु हजारमा) | योजना सम्पन्न संख्या | वित्तीय प्रगति (प्रतिशत) | भौतिक प्रगति (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश जलश्रोत तथा सिंचाई विकास व्यवस्थापन (३१३०२१६) | ५२ | ५८,४०० | ५२ | ८७.४३ | ९० | |
| २ | प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण (३१३०२१०७) | १२ | १७,५०० | १२ | ९४.८३ | ९५ | |

ख) बहुवर्षिय योजनाहरूको विवरण

| क.सं. | योजनाको नाम | सिंचित क्षेत्रफल (हे.) | कुल लागत (रु हजारमा) | ठेक्का सम्झौता रकम (रु हजारमा) | आ.व. २०८२/०८३ सम्म ठेक्का सम्झौताको खर्च | भौतिक प्रगति (प्रतिशत मा) | वित्तीय प्रगति (प्रतिशत मा) | ठेक्का सम्झौता को म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुरवाले सिंचाई योजना | २३४ | ४२,३७९ | २५,४३० | २४,७७१.९ | ९९ | ९७.४ | - | सम्पन्न |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (साल्पासिलिछो गा.पा.-३ | | | | | | | | |
| २ | पंची सिंचाई योजना (टेम्के मैयुङ गा.पा.-२) | ९० | ४९,६८९ | ३१,८२६ | २६,८९६ | ८५ | ८४.५ | २०८४/०३/३० | |
| ३. | अर्चलेबेशी सि.यो. षडानन्द न.पा.-१२ | ३०० | ७४,२२३ | ४३,४७२ | २७,८९६ | ६५ | ६४.१ | २०८४/०३/२५ | |
| ४. | मझुवाटार लिफ्ट सिं.यो. षडानन्द न.पा.-१२ | १०० | ४९,४८७ | ३३,६८८ | २०,५४६ | ७० | ६१ | २०८४/०२/२५ | |
| ५. | गोपेटार लिफ्ट सिं.यो. षडानन्द न.पा.-१२ | ४० | २०,१५३ | ९,१४१ | ७,०५३ | ७८ | ७७.१० | २०८४/०३/२५ | |

## ग) सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP)कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरूको विवरण

| क्र.सं. | योजनाको नाम | सिंचित क्षेत्रफल | कुल लागत (रु हजारमा) | ठेक्का सम्झौता रकम | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौताको म्याद |
|---|---|---|---|---|---|---|
| १ | याङटाङ खोला सिं.यो. टेम्के मैयुङ गा.पा.-२ | ४५ | २१९४७.३१ | ९०,९०,७२९.७४ | २०८२/०३/१५ | २०८३/०९/१५ |
| २. | नयाँ कुलो सिम्ले सिं.यो. भोजपुर न.पा.-१२ | २५ | १२०७१.४२ | ४९,४९०४१.४६ | २०८२/०३/१५ | २०८३/०९/१५ |
| ३. | हिंखुवा खोला थालाखाम सिंचाई उपआयोजना, टेम्केमैयुङ गा.पा-०२ | ५० | २३८६४.०० | - | २०८३/०३/३१ गते ठेक्का आह्वान गरिएको। | |

## घ) संयुक्त संघ र प्रदेश तर्फको पुंजिगत र चालु तर्फको प्रगति

| प्रदेश तर्फ<br>पुँजिगत तर्फ<br>आयोजना/कार्यक्रम नाम: | अन्तिम बजेट | यस महिनासम्मको खर्च | वित्तिय प्रगति | पुंजिगत र चालु तर्फ संघ र प्रदेश तर्फको प्रगति | संयुक्त संघ र प्रदेश तर्फको पुंजिगत र चालु तर्फको प्रगति | | प्रदेश र संघ तर्फको प्रगति | संयुक्त प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश जलस्रोत तथा सिंचाई विकास व्यवस्थापन कार्यक्रम | ५८४००००० | ५१०५९५६३ | ८७.४३% | | चालु तर्फ | ७०.०६% | | |
| प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | १७५००००० | १६५९५०२३ | ९४.८३% | ८९.२३% | पुंजिगत तर्फ | ६६.१६% | | |
| जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु | ५५००००० | ४९८१५५२ | ९०.५७% | | | | | |
| **उप-जम्मा** | **८१४०००००** | **७२६३६१३८** | | | | | ८६.४५% | |
| | | | | | | | | |
| चालु तर्फ | | | | | | | | |
| जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु | १५११६५०० | १०८००९५५.४ | ७१.४५% | ७१.४५% | | | | |
| **जम्मा** | **९६५१६५००** | **८३४३७०९३.४** | | | | | | |
| संघ तर्फ | | | | | | | | |
| आयोजना/कार्यक्रम नाम: | | | | | | | | ६६.६०% |
| सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना | | | | | | | | |
| चालु तर्फ | | | | | | | | |
| ३११३२अनुसन्धान तथा विकास सम्बन्धि खर्च | ११९२००० | ६२५०९८ | ५२.४४% | ५२.४४% | | | | |
| पुँजिगत तर्फ | | | | | | | | |
| ३११५५सिंचाई संरचना निर्माण | ४३४५७००० | १००११०६६ | २३.०४% | २३.९०% | | | २४.६५% | |
| ३११७१पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०००००० | ६१५८६४ | ६१.५९% | | | | | |
| **उप-जम्मा** | **४४४५७०००** | **१०६२६९३०** | | | | | | |
| **जम्मा** | **४५६४९०००** | **११२५२०२८** | | | | | | |
| कुल जम्मा | **१४२१६५५००** | **९४६८९१२१.४** | | | | | | |

Page 1

## १०. सूचना अधिकारी र कार्यालय प्रमुख

| सूचना अधिकारी | कार्यालय प्रमुख |
| --- | --- |
| श्री भुपेन्द्र बस्नेत | श्री राजु भट्टराई |
| सब-ईन्जिनियर | ईन्जिनियर सातौं |
| मो.नं.- ९८५२०८६४०० | मो.नं.-९८५२०५२३०९ |

## ११. नीति, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूचीः

क) राष्ट्रिय जलश्रोत नीति, २०७७

ख) राष्ट्रिय सिंचाई नीति, २०८०

ग) प्रदेश सिंचाई ऐन, २०७६ (कोशी प्रदेश)

घ) प्रदेश सिंचाई नियमावली, २०८१ (कोशी प्रदेश)

ङ) सार्वजनिक खरिद ऐन तथा नियमावली

च) आर्थिक कार्यविधि सम्बन्धी ऐन तथा नियमावली

छ) अन्य प्रचलित ऐन तथा नियमहरू।

## १२. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः-

वेबसाइट बन्ने चरणमा रहेको(Mapping र Live हुन बाँकी तथा Facebook page wridd bhojpur (https://www.facebook.com/share/18CFqwAvZg/) बाट सूचना सम्प्रेशन हुने गरेको।

## १३. अन्य विविरणः-

- नागरिक वडापत्र ------------------------रहेको।
- सूचना अधिकारीको विवरण ---------------रहेको।
- सूचनापाटी /उजुरी पेटिका ---------------रहेको।

**सूचना अधिकारी**
भुपेन्द्र बस्नेत
सब-ईन्जिनियर